मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १७६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार २७ गते शनिबार ❑ 11 July 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गण्डकी प्रदेशका ८ हजार मिटरभन्दा अग्ला हिमाल आरोहीलाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, २६ असार

गण्डकी प्रदेश सरकारले प्रदेशभित्रका ८ हजार मिटरभन्दा अग्ला हिमाल सफलतापूर्वक आरोहण गरेका ६ जना पर्वतारोहीलाई नगदसहित सम्मान गरेको छ।

शुक्रबार पोखरामा आयोजित 'प्रदेशभित्रका पर्वतारोहीहरूलाई सहयोग तथा सम्मान कार्यक्रम' मा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, उद्योग तथा पर्यटन मन्त्री यशोदा रिमाल, मन्त्रालयका सचिव रोशन ज्ञवालीलगायतले सम्मानित पर्वतारोहीहरूलाई जनही ४५ हजार रुपैयाँ, सम्मानपत्र, मायाको चिनो तथा दोसल्ला प्रदान गरी सम्मान गर्नु भएको हो । सम्मानित हुनेहरूमा गोरखाको चुमनुब्री गाउँपालिका-१ का नाङ्सल छ्योटोन लामा, पर्वतको कुश्मा नगरपालिका-९ का किरणबहादुर पी.सी., कास्कीको माछापुच्छ्रे गाउँपालिका-४ का किशोर अधिकारी, पर्वतको बिहादी गाउँपालिका-४ का देवीप्रसाद न्यौपाने, तनहुँको ऋषिङ गाउँपालिका-२ का अमित थापा



तथा तनहुँको घिरिङ (ऋषिङ) गाउँपालिका-५ का नवराज राना रहनु भएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेशमा वेलनेस पर्यटनको अत्यन्तै राम्रो सम्भावना रहेको बताउनुभयो। अब पर्यटकको संख्या मात्रै बढाउनेभन्दा पनि आएका पर्यटकलाई लामो समयसम्म बस्न प्रेरित गर्ने वातावरण निर्माणमा प्रदेश सरकारको ध्यान केन्द्रित हुने उहाँको भनाइ थियो । "अब हामीले पोखरामा कति पर्यटक आए भन्नेभन्दा पनि आएका पर्यटकको बसाइ अवधि कसरी लम्ब्याउन सकिन्छ भन्नेमा ध्यान दिनुपर्छ। गुणस्तरीय पर्यटक भित्र्याएर पर्यटनबाट प्राप्त हुने आर्थिक लाभ बढाउनेतर्फ अघि बढ्नुपर्छ," उहाँले भन्नुभयो । मुख्यमन्त्री पाण्डेले पछिल्लो समय भारतीय पर्यटकको नेपाल तथा गण्डकी प्रदेशमा आगमन उत्साहजनक रूपमा बढिरहेको उल्लेख गर्दै पर्यटनको अफसिजन मानिने समयमा समेत पर्यटक आगमन बढ्नु पर्यटन क्षेत्रका लागि सकारात्मक संकेत भएको बताउनुभयो । भारतीय पर्यटकको बढ्दो आगमनले पर्यटन व्यवसायीलाई ठूलो राहत पुगेको उहाँको भनाइ थियो।

मुख्यमन्त्री पाण्डेले हिमाल केवल प्राकृतिक सम्पदा मात्रै नभई नेपालको पहिचान, सभ्यता, संस्कृति र पर्यटनको प्रमुख आधार भएको उल्लेख गर्नुभयो । विश्वभर योग, ध्यान र वेलनेसप्रति आकर्षण बढिरहेका बेला गण्डकीका हिमाली क्षेत्रलाई साहसिक पर्यटनसँगै आध्यात्मिक तथा वेलनेस पर्यटनको अन्तर र्‍ाष्ट्रिय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य प्रदेश सरकारले लिएको उहाँले बताउनुभयो । उद्योग तथा पर्यटन मन्त्री यशोदा रिमालले पर्वतारोहीहरूको साहस, समर्पण र उपलब्धिले नयाँ पुस्तालाई प्रेरणा दिने बताउँदै हिमालको पहिचान र पर्यटन प्रवर्द्धनमा उहाँहरूको योगदान महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो। सम्मानित पर्वतारोहीमध्ये नाङसल छ्योङ्टेन लामाले सगरमाथासहित मनास्लु र ल्होत्से हिमालको सफल आरोहण गर्नुभएको छ भने अन्य पाँच जनाले सगरमाथा, कञ्चनजङ्घा तथा अन्नपूर्ण-१ जस्ता ८ हजार मिटरभन्दा अग्ला हिमाल सफलतापूर्वक आरोहण गर्नु भएको हो । प्रदेश सरकारले स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत पाँच लाख रुपैयाँ बजेट विनियोजन गरी पर्वतारोहण क्षेत्रमा योगदान पुऱ्याएका प्रदेशका नागरिकलाई सम्मान तथा प्रोत्साहन गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरेको मन्त्रालयका उपसचिव टिकाराम पौडेलले बताउनु भयो।

## भारतीय नेटवर्कसँग जोडिएको अनलाइन सट्टेबाजीमा संलग्न पक्राउ

पोखरापत्र संवाददाता
पोखरा, २६ असार

पोखराको पर्यटकीय क्षेत्र सेदीमा सफ्टवेयर कम्पनीको आवरणमा सञ्चालन भइरहेको अनलाइन सट्टेबाजी केन्द्रमा प्रहरीले छापा मार्दै आठ जनालाई पक्राउ गरेको छ।

कास्की प्रहरीको प्रारम्भिक अनुसन्धानले उक्त समूह भारतीय नेटवर्कसँग आबद्ध रहेर क्रिकेट, फुटबल र क्यासिनो खेलमा अनलाइन सट्टेबाजी सञ्चालन गर्दै आएको तथा करोडौं रुपैयाँ बराबरको कारोबार भएको हुन सक्ने कास्कीका प्रहरी उपरीक्षक एसपी नवीन कार्कीले बताउनु भयो।

गोप्य सूचनाको आधारमा शुक्रबार बिहान गण्डकी प्रदेश प्रहरी कार्यालय, नेपाल प्रहरी प्रदेश कार्यालय, जिल्ला प्रहरी कार्यालय कास्की र वडा प्रहरी कार्यालय बैदामको संयुक्त टोलीले पोखरा महानगरपालिका-१८ सेदीस्थित जीवन श्रेष्ठको घरमा छापा मार्दा सात कोठाको उक्त घरलाई कार्यालय र बसोबास दुवै प्रयोजनका लागि प्रयोग गरी अनलाइन बेटिङ सञ्चालन भइरहेको अवस्थामा आठ जनालाई नियन्त्रणमा लिइएको उहाँले शुक्रबार पत्रकार भेटघाट कार्यक्रम मार्फत सार्वजनिक गर्नु भएको हो।

पक्राउ पर्नेमा दार्चुला घर भई पोखरा बस्दै आउनु भएको ३१ वर्षीय दिनेशसिंह बोहोरा तथा भारतका विभिन्न स्थानका ३४ वर्षीय सत्यम सिंह, २४ वर्षीय हर्ष उसरेटे, २३ वर्षीय विशाल चाउ, २२ वर्षीय जमानसिंह तामार, २७ वर्षीय विक्रान सिंह, २६ वर्षीय अजितेश कुमार मिश्र र २४ वर्षीय सत्यम राजपूत रहनु भएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार सत्यम सिंह नै उक्त केन्द्रका मुख्य सञ्चालक हुनुहुन्छ । प्रहरीले घटनास्थलबाट सात थान ल्यापटप, छ थान मनिटर, ३१ थान मोबाइल फोन, नौ थान किबोर्ड, ३४ थान भारतीय सिमकार्ड, दुई थान राउटर, एक थान यूपीएस, एक थान १२ भोल्ट ब्याट्री, १६ थान चार्जर तथा अन्य विद्युतीय उपकरण बरामद गरेको प्रेस विज्ञेप्ति मार्फत जनाएको छ। ती सामग्री अनलाइन सट्टेबाजी सञ्चालनमा प्रयोग भइरहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ। अनुसन्धानका क्रममा उक्त समूहले २०८२ चैत १८ गतेदेखि घर भाडामा लिएर गतिविधि सञ्चालन गरेको खुलेको छ । टेलिग्राम र ह्वाट्सएपमार्फत विभिन्न लिंक ग्राहकलाई पठाई रकम जम्मा गराउन लगाउने, त्यसपछि प्रयोगकर्ताको दर्ता गरी क्रिकेट, फुटबल तथा क्यासिनो खेलमा अनलाइन सट्टेबाजी गराउने गरेको प्रहरीको भनाइ छ। खेलको नतिजाअनुसार हारजितको हिसाब गरी रकम पनि अनलाइनमार्फत नै भुक्तानी गर्ने गरिएको थियो।

प्रहरीले बरामद गरेका कम्प्युटरहरूको प्रारम्भिक परीक्षणका क्रममा तीन फरक विवरणमा क्रमशः एक करोड ११ लाख ९९ हजार ११८ रुपैयाँ, नौ करोड दुई लाख २२ हजार २६ रुपैयाँ र १० करोड ५५ लाख ६८ हजार ६९० रुपैयाँ बराबरको क्रेडिट कारोबार देखिएको प्रहरी उपरीक्षक कार्कीले जानकारी दिनुभयो । यद्यपि, यो वास्तविक कारोबार रकम हो वा प्रणालीमा देखिएको हिसाब मात्रै हो भन्ने विषयमा प्राविधिक अनुसन्धान जारी रहेको उहाँले जनाउनु भयो।

प्रहरीका अनुसार पक्राउ परेकाहरूको बयानबाट गिरोहले दैनिक तीनदेखि चार लाख भारतीय रुपैयाँसम्म आम्दानी गर्ने गरेको खुलेको छ। सम्पूर्ण आर्थिक कारोबार भारतीय बैंक खाता तथा डिजिटल वालेटमार्फत हुने गरेको र एक्सिस बैंक, आईडीएफसी बैंक, कनरा बैंक, तेलङ्गाना ग्रामीण बैंक, २४ पे, पे बजार, गुगल पे तथा नक्सन पेजस्ता भुक्तानी प्रणाली प्रयोग भएको विवरण फेला परेको छ । अनुसन्धानले यो केन्द्र भारतीय नागरिकद्वारा सञ्चालन भइरहेको अन्तर्राष्ट्रिय नेटवर्कको २७औं शाखाका रूपमा सञ्चालनमा रहेको संकेत गरेको प्रहरीले जनाएको छ। त्यहाँ कार्यरत प्रत्येक व्यक्तिले मासिक २५ हजार भारतीय रुपैयाँ पारिश्रमिक पाउने गरेको समेत खुलेको छ। प्रहरीले घटनामा संगठित अन्तरदेशीय सञ्जालको संलग्नता हुन सक्ने आशंकासहित विद्युतीय उपकरण, बैंकिङ विवरण तथा डिजिटल अभिलेखको प्राविधिक परीक्षण अघि बढाएको जनाएको छ। पक्राउ परेका सबैमाथि विद्युतीय माध्यमबाट सञ्चालित अवैध सट्टेबाजीसम्बन्धी कसुरमा थप अनुसन्धान र कानुनी प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ।

## बागलुङमा बर्सेनी बढ्दै एचआइभी सङ्क्रमित

पोखरापत्र संवाददाता
बागलुङ, २६ असार

बागलुङमा एचआइभी सङ्क्रमितको सङ्ख्या २२० पुगेको छ।

चालु आर्थिक वर्षमा आठ नयाँ सङ्क्रमित थपिएका हुन् । यस्तै, १५ वर्षमुनिका छ जना र त्यसभन्दा माथिका २१४ जना रहेको प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका सूचना अधिकारी देवप्रकाश घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार ११४ महिला र १०० जना पुरुष रहेका छन्। सङ्क्रमितले धवलागिरि प्रादेशिक अस्पताल बागलुङ, बुर्तिबाङ अस्पताल र बेनी अस्पतालबाट नियमित रूपमा निरोधात्मक सेवा लिइरहेको उहाँको भनाइ छ । सङ्क्रमितलाई गोप्य रूपमा नियमित औषधि सेवनको दायरामा ल्याउने अभियानलाई तीव्रता दिएको घिमिरेले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीहरूले हरेक वर्ष एचआइभी परीक्षण गर्दै आएका छौं, अघिल्लो वर्ष २० हजारमा परीक्षण गर्दा १० जना सङ्क्रमित फेला पर्नुभएको थियो भने यस वर्ष आठ जनामा एचआइभी देखिएको छ । सङ्क्रमित हुनेहरू अधिकांश विदेशबाट फर्केर आएका छन् ।"

असुरक्षित यौन सम्पर्क, रगत लिँदा/दिँदा तथा लागुऔषध प्रयोगकर्ताबाट एचआइभी सर्ने उहाँको भनाइ छ। समाजमा लाञ्छना र भेदभाव हुने हुँदा सङ्क्रमित पहिचान गर्न समस्या हुने गरेको छ।

## पोखराको सेतीखोला जलविद्युत आयोजनाको उद्घाटन

पोखरापत्र संवाददाता
पोखरा, २६ असार

पोखरामा हालै निर्माण सम्पन्न भएको २२ मेगावाट क्षमताको सेतीखोला जलविद्युत आयोजनाको उद्धाटन गरिएको छ । पोखरा महानगरपालिका-३३ मा आयोजित समारोहमा उक्त परियोजनाको शुक्रबार उद्घाटन गर्दै युरोपेली संघकी राजदूत भेरोनिक लोरेन्जोले सुरुदेखि नै स्थानीयको साथ र सहयोग प्राप्त गरेको उल्लेख गर्दै यही कारण आयोजना अपेक्षाकृत छोटो अवधिमा सम्पन्न हुन सफल भएको बताउनुभयो।


स्थानीय समुदायको साथ, राजनीतिक प्रतिबद्धता र युरोपेली गुणस्तरीय प्रविधिको संयोजनले आयोजना दीर्घकालसम्म दिगो रूपमा उक्त परियोजना सञ्चालन हुने उहाँले विश्वास व्यक्त गर्नु भयो । कुनै पनि जलविद्युत आयोजना सफल हुन स्थानीय समुदायको विश्वास र राजनीतिक तहको सहयोग अपरिहार्य हुने उल्लेख गर्दै राजदूत लोरेन्जोले स्विडेन र नेदरल्याण्ड्ससँग आबद्ध डोल्मा इम्प्याक्ट फण्डमार्फत भएको लगानीले नेपालमा दिगो ऊर्जा विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने दाबी गर्नुभयो । स्वच्छ ऊर्जामा गरिएको यस्तो लगानीले नेपालको ऊर्जा सुरक्षासँगै हरित विकासलाई समेत टेवा पुग्ने उहाँको भनाइ थियो। "गुणस्तरीय प्रविधि, स्थानीय समुदायको सहयोग र सबै पक्षबीचको विश्वासका कारण यो आयोजना सफल बनेको हो । युरोपेली साझेदारबाट भित्रिएको आधुनिक प्रविधिले यसलाई दीर्घकालीन र भरपर्दो परियोजनाका




रूपमा स्थापित गर्नेछ," राजदूत लोरेन्जोले भन्नुभयो । सेतीखोला हाइड्रोपावर लिमिटेडका अध्यक्ष अनुप आचार्यले आयोजना सफल हुनु कुनै एक संस्था वा व्यक्तिको उपलब्धि नभई सबै पक्षको साझा प्रयासको परिणाम भएको बताउनुभयो । स्थानीय समुदायको सहयोगबिना यस्ता पूर्वाधार आयोजना सफल बनाउन सम्भव नहुने उल्लेख गर्दै उहाँले निर्माण अवधिभर स्थानीयवासीले देखाएको सहयोगप्रति आभार व्यक्त गर्नुभयो । "हामीले स्थानीय समुदायसँग विश्वासको सम्बन्ध निर्माण गर्दै आयोजना अघि बढायौं। उहाँहरूको साथ र सहयोगकै कारण चुनौतीपूर्ण परिस्थितिका बीच पनि आयोजना सफलतापूर्वक सम्पन्न गर्न सकेका हौं," अध्यक्ष आचार्यले भन्नुभयो । कार्यक्रममा डोल्मा इम्प्याक्ट फण्डका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत टिम गोचर, तनहुँ शुक्लागण्डकी नगरपालिका-२ का वडाध्यक्ष सुमनबहादुर राना, पोखरा महानगरपालिका-३३ का वडाध्यक्ष रामचन्द्र अधिकारी, ईप्यानका सल्लाहकार डा. आत्माराम घिमिरे, निर्देशक ई. दीपक बराल लगायतले आयोजनाले स्थानीय विकास, रोजगारी सिर्जना र नेपालको स्वच्छ ऊर्जा उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभएको थियो । करिब पाँच अर्ब पाँच करोड रुपैयाँको लगानीमा निर्माण भएको २२ मेगावाट क्षमताको सेतीखोला जलविद्युत आयोजनाले हाल परीक्षण उत्पादन गरिरहेको छ भने व्यावसायिक रूपमा विद्युत उत्पादन तथा बिक्रीको तयारी अन्तिम चरणमा पुगेको छ । आयोजना सञ्चालनमा आएपछि राष्ट्रिय प्रसारण प्रणालीमा थप स्वच्छ ऊर्जा आपूर्ति हुनुका साथै गण्डकी प्रदेशको ऊर्जा उत्पादन क्षमता समेत उल्लेखनीय रूपमा वृद्धि हुने अपेक्षा गरिएको छ। यही असार १५ गतेदेखि परिक्षणका रुपमा हाल बिद्युत उत्पादन भएको छ। आयोजनाको बाँध पोखरा-३३ टिक्लाङमा निर्माण गरिएको छ भने पावरहाउस तल्लो पुँडीटारमा रहेको छ। आयोजनाका लागि ३ हजार १ सय ६ मिटर लामो सुरुङ निर्माण गरिएको छ भने १ हजार २ सय मिटर लामो पेनस्टकमार्फत पानी पावरहाउससम्म पुऱ्याइएको छ। पावरहाउसमा ११-११ मेगावाट क्षमताका दुईवटा टर्बाइन जडान गरिएका छन्, जसबाट कुल २२ मेगावाट विद्युत उत्पादन हुन सूरु भएको छ । उत्पादित विद्युत करिब २ किलोमिटर लामो प्रसारण लाइनमार्फत राष्ट्रिय

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# वर्षायामसँगै अन्नपूर्ण पदमार्गमा पर्यटक घटे

**पोखरापत्र संवाददाता**
लमजुङ, २६ असार

वर्षायाम सुरु भएसँगै विश्वप्रसिद्ध अन्नपूर्ण पदमार्गमा विदेशी पर्यटकको आगमन घटेको छ। पर्यटकीय याममा दैनिक ५०० देखि ६०० जनासम्म पर्यटक आउने पदमार्गमा यतिबेला दैनिक पाँचदेखि १५ जना आउने गरेका छन्।

धारापानीस्थित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच तथा सूचना केन्द्रका इन्चार्ज भूपेन्द्र गुरुङका अनुसार वर्षायाम सुरु भएसँगै पर्यटकको आगमन घटेको हो । पर्यटकीय यामको अन्त्यतिर दैनिक ५०-६० जनासम्म पर्यटक आउने गरे पनि असार लागेपछि कुनै दिन एक-दुई, कुनै दिन १०-१५ जनासम्म पर्यटक आउने गरेका उहाँले जानकारी दिनुभयो । गुरुङका अनुसार चालु आर्थिक वर्षको साउन १ गतेदेखि यही असार २५ गतेसम्म अन्नपूर्ण पदमार्गमा ४० हजारभन्दा बढी विदेशी पर्यटक भित्रिएका छन्। यो स‍ङ्ख्या अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा करिब एक हजार ५०० ले बढी हो । तर वर्षायाम सुरु भएसँगै पर्यटक आगमन भने घटेको उहाँको भनाइ छ । गत जेठमा दुई हजार ७७५ जना पर्यटक पदमार्गमा आएका थिए भने असार २५ गतेसम्म ८०० जना मात्रै आएका उहाँले जानकारी दिनुभयो। मर्स्याङ्दी गाउँपालिका-४ जगतका होटल व्यवसायी पञ्चबहादुर गुरुङका अनुसार पर्यटक आगमन घटेसँगै होटल व्यवसायको आम्दानीमा पनि असर परेको छ। पर्यटकीय याममा महिनाको रु ५०-६० हजारसम्म आम्दानी हुने जनाउँदै उहाँले अहिले त्यसको एकतिहाइ बराबर कमाइ हुन नसकेको बताउनुभयो। "पहिले व्यापार धान्नै मुस्किल हुन्थ्यो, अहिले भने फुर्सदै फुर्सद छ", उहाँले भन्नुभयो, "पर्यटक आउँछन्, फोटो खिच्छन् र फर्किन्छन् । आम्दानी निकै घटेको छ ।" होटल व्यवसायी गुरुङका अनुसार पर्यटन व्यवसायबाट जीविकोपार्जन गर्ने व्यवसायील याममा कमाएको आम्दानीकै भरमा अहिलेको समय धानिरहेका छन्। पर्यटक घटेसँगै होटल, लज, रेष्टुरेण्ट, भरिया, पथप्रदर्शक तथा यातायात व्यवसायीसमेत प्रभावित भएका उहाँको भनाइ छ । बुङ झरना नजिकै होटल व्यवसाय सालन गरिरहनुभएका खुसबहादुर तामाङले वर्षायाममा व्यवसाय सुस्ताएको बताउनुभयो । सडकको अवस्था, बाढीपहिरोको जोखिम र यात्राको असहजताका कारण पर्यटकले यात्रा गर्न नचाहँदा आगमनसँगै कमाइ पनि घटेको उहाँको भनाइ छ। "सडक सुरक्षित हुँदा समूह-समूहमा पर्यटक आइरहन्थे। अहिले वर्षाका कारण जोखिम बढेपछि पर्यटक आउन डराउने अवस्था छ", उहाँले भन्नुभयो। बैँसीसहर-चामे सडकमा वर्षायाममा बाढीपहिरोको जोखिम बढ्ने भएकाले अन्नपूर्ण पदमार्गको यात्रा चुनौतीपूर्ण हुने गरेको छ । सडक डिभिजन कार्यालय लमजुङका सूचना अधिकारी नवीन विस्तारका अनुसार असारदेखि असोजको पहिलो सातासम्म सडकमा बाढीपहिरोको जोखिम बढी रहने गर्दछ। सडक अवरुद्ध हुन नदिन विभिन्न स्थानमा उपकरणसहित जनशक्ति तयारी अवस्थामा राखिएको उहाँले बताउनुभयो। सामान्य अवस्थामा सडक सञ्चालनमा रहे पनि निरन्तर वर्षा वा ठूलो पहिरो खसेमा यात्रा प्रभावित हुनसक्ने सूचना अधिकारी विस्तारको भनाइ छ । विश्वकै उत्कृष्ट पदमार्गमध्ये एक मानिने अन्नपूर्ण पदमार्ग हुँदै पर्यटकले लमजुङ, मनाङ, कास्की, मुस्ताङ र म्याग्दीका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको अवलोकन गर्ने गर्दछन्। यस पदमार्गको प्रवेशद्वार लमजुङको बैँसीसहर हो। पर्यटन व्यवसायीले वर्षायाम समाप्त भई मौसममा सुधार आएपछि पर्यटक आगमन पुनः पुरानै अवस्थामा फर्किने अपेक्षा गरेका छन्।



मुस्ताङ भित्रिएका सवारीसाधन चेक गर्दै सुरक्षाकर्मीः
मुस्ताङको घरपझोङ-३ स्थित एक्लेभट्टीस्थित सडकमा बेनी-जोमसोम सडकमार्ग हुँदै मुस्ताङ भित्रिएका सवारीसाधनको चेक गर्दै मुस्ताङ जिल्ला ट्राफिक प्रहरी। तस्बिरः सुन्दरकुमार थकाली/रासस

# एक वर्षमा १० भारतीयसहित १६ जनाको लेक लागेर मृत्यु

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २६ असार

हिमाली जिल्ला मुस्ताङमा चालु आर्थिक वर्ष २०८२/०८३ को एक वर्षमा लेक लागेर दश भारतीय नागरिकसहित १६ जनाको मृत्यु भएको छ।

प्रदेश अस्पताल जोमसोमका अनुसार चालु वर्षको साउनदेखि हालसम्म मुस्ताङ भ्रमणमा आएकामध्ये दश भारतीय, पाँच नेपाली र एक जना मेक्सिकोका नागरिकको पर्वतीय 'हाईअल्टिच्युड'का कारण लेंक लागेर निधन भएको हो। गत भदौ र असोजमा एक-एक, कात्तिकमा तीन, मङ्सिरमा दुई, चैतमा दुई, वैशाखमा चार र जेठ महिनामा तीन जनाको लेक लागेर ज्यान गएको मेडिकल सुपरिटेन्डेन्ट डा समीक्षा कँडेलले जानकारी दिनुभयो । हाईअल्टिच्युडका कारण लेक लागेर मृत्यु हुनेमा ५० वर्षदेखि ८४ वर्ष उमेर समूह पर्यटक तथा तीर्थयात्री रहेको उहाँले जानकारी दिनुभयो । गत आव २०८१/०८२ मा लेक लागेर नौ जनाको मृत्यु भएको थियो।

त्यस आर्थिक वर्षमा पाँच भारतीय, तीन नेपाली र एक जना अमेरिक नागरिकले लेक लागेर ज्यान गुमाएका हुन् । मुस्ताङ पुगेका पर्यटक तथा तीर्थयात्रीले स्वास्थ्य सुरक्षामा आवश्यक सावधानी नअपनाउँदा मानवीय क्षति हुन पुगको हो । देश तथा विदेशका समथर ठाउँबाट हिमाली जिल्लामा यात्रा गर्ने पर्यटक तथा दर्शनार्थीलाई हाईअल्टिच्युडका कारण अक्सिजनको लेवल कम भई लेक लाग्ने समस्या देखिन गरेको डा कँडेलले बताउनुभयो। मुस्ताङ आउने पर्यटकमध्ये शारीरिक रुपले अशक्त, ज्येष्ठ नागरिक र दीर्घरोगका नियमित औषधि सेवन गर्ने पर्यटकलाई हाईअल्टिच्युडको जोखिम उच्च रहने गरेको छ।

हाईअल्टिच्युडको जोखिम न्यूनीकरणका लागि मुस्ताङमा एक्याप, प्रदेश स्वास्थ्य कार्यालय, अस्पताल, स्थानीय निकाय, मुक्तिनाथ विकास समिति र सुरक्षा निकायले पर्यटक सचेतनामूलक होर्डिङ बोर्ड, पर्चा पम्प्लेट वितरण लगायतका कार्य गर्दैआइरहेका छन्।

म्याग्दी र मुस्ताङको सीमानाका घाँसादेखि लेते, खन्ती, मार्फा, जोमसोम, कागबेनी र मुक्तिनाथलगायतका स्थानमा हाईअल्टिच्युडसम्बन्धी सचेतनामूलक बोर्ड राखिएको छ। मुस्ताङ प्रवेश गर्ने पर्यटकलाई होल्डिङ गर्दै यात्रा गराउन पर्नेमा मुक्तिनाथ पुर्‍याइदा लेक लाग्ने जोखिम बढेको हो।

अस्पतालले तीर्थयात्री तथा पर्यटकलाई यातायात व्यवसायी, पर्यटन व्यवसायी र ट्राभल एजेन्सीले हाईअल्टिच्युडका सम्बन्धमा समयमै ज्ञान दिलाउन पर्ने आवश्यकता औंल्याइएको छ।

पर्यटकको स्वास्थ्य रक्षाका लागि प्रदेश अस्पताल जोमसोम र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाले मुक्तिनाथ मन्दिर परिसरमा हाईअल्टिच्युड उपचार केन्द्र स्थापना गरी सञ्चालनमा ल्याएको छ । मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेष भुसालका अनुसार मुक्तिनाथ मन्दिरमा अक्सिजनसहित दुई जना हेल्थ असिस्टेन परिचालित भईरहेको जानकारी दिनुभयो।

# पोखरा कलेज अफ म्यानेजमेन्टमा नमुना पत्रकार सम्मेलन

**पोखरापत्र संवाददाता**
पोखरा, २६ असार

पोखरा कलेज अफ म्यानेजमेन्टमा बिबिए आठौं सेमेस्टरका विद्यार्थीहरुले शुक्रबार नमुना पत्रकार सम्मेलन अभ्यास कार्यक्रम सम्पन्न गरेका छन्।

कलेजको सभाकक्षमा सम्पन्न कार्यक्रममा दुईवटा सेक्सनका ६९ जना विद्यार्थीहरुले ६ वटा समूहमा बाँडिएर अभ्यासको प्रस्तुतिकरण गरेका थिए। विद्यार्थीहरुको समूहले फ्लाई दुवाईले पोखरामा नियमित अन्तर्राष्ट्रिय उडान शुरु गरेको, पोखरा पर्यटन परिषदले रोपाईं महोत्सव आयोजना गरेको र पोखरा उद्योग वाणिज्य संघले रोजगार मेला आयोजना गरेको विषयमा नमुना पत्रकार सम्मेलन प्रस्तुत गरेका थिए।

त्यसै गरी पसल डट कमको सेवा विस्तार, साइमेक्स इनकर्पोरेसनको विद्युतिय गाडी आयातको विवाद र नेपाल इन्भेष्टमेन्ट मेघा बैंकको प्रमुख कार्यकारी अधिकृत पक्राउको विषयवस्तुमा समेत विभिन्न भूमिकामा प्रस्तुत भई अभ्यान गरेका थिए । बिबिए अन्तिम




सेमेस्टरमा 'मिडिया र जनसम्पर्क' विषय अध्ययनरत विद्यार्थीहरुले कार्यक्रममार्फत मिडियासँग समन्वय गर्ने सीप सिकेको कलेजकोप्राचार्य लीनानेगी श्रेष्ठले बताउनुभयो । यस कार्यक्रमबाट कार्यक्षेत्रमा मिडियासँग सम्बन्ध राख्न, पत्रकार सम्मेलन सञ्चालन गर्न तथा प्रेस विज्ञप्ती तयार गर्न सिकेको विषय शिक्षक सुवास मल्लले जानकारी दिनुभयो । कार्यक्रममा आदर्श समाजका प्रधान सम्पादन भरत कोइराला, पोखरापत्रका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल र पब्लिक फोरके टेलिभिजनका प्रबन्ध निर्देशक मन क्षेत्रीले विद्यार्थीहरुको प्रस्तुतीकरणमा टिप्पणी तथा मूल्यांकन गर्नुभएको थियो। पोखरामा लामो समयदेखि पत्रकारिता गरिरहनुभएका पत्रकारहरुबाट आफ्नो नमुना पत्रकार सम्मेलनमा पृष्ठपोषण पाउँदा वास्तविक सिकाई भएको कार्यक्रममा सहभागी विद्यार्थी चन्द्रकुमारी पौडेलले बताउनुभयो । पोखरा कलेज अफ म्यानेजमेन्टले विगत दुई दशकदेखि पोखरा विश्वविद्यालयबाट सम्बन्धप्राप्त गरी पोखरामा व्यवस्थापन संकायमा अध्ययन अध्यापन गराउँदै आएको छ । हाल कलेजमा दिवा तथा बिहानी सत्रमा ६ सय बढि विद्यार्थीहरु बिबिए, बिबिए फाइनान्स र बिसिएसआईटी कार्यक्रममा अध्ययन गरिरहेका छन्।

# कौराहा संरक्षण पत्रकारिता पुरस्कारबाट पत्रकार मीना थापामगर सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २६ असार

'राष्ट्रिय मौलिक कौराहा संरक्षण पत्रकारिता पुरस्कार २०८३' बाट पत्रकार मीना थापामगर पुरस्कृत भएकी छिन्।

उनलाई गण्डकी प्रदेशका आर्थिक मामिलामन्त्री जीतबहादुर शेरचनले नगद १५ हजार रुपैयाँ, सम्मानपत्र र घलेकीले सम्मान गरेका हुन् । राष्ट्रिय मौलिक कौराहा संरक्षण समितिद्वारा स्थापित उक्त पुरस्कार हरेक वर्ष नेपाल मगर पत्रकार संघ कास्कीले प्रदान गर्दै आइरहेको छ। कार्यक्रममा प्रदेशका आर्थिक मामिलामन्त्री शेरचनले आदिवासी जनजातिको संस्कार र संस्कृतिलाई जगेर्ना गर्दै लैजानुपर्ने बताए । गण्डकी प्रदेश संस्कृतिमा धनी भएकाले यसलाई थप प्रवर्द्धन गर्दै लैजानुपर्नेमा उनको जोड थियो। प्रदेशमा भएका संस्कार र सँस्कति केवल गण्डकी प्रदेशमा मात्रै सीमित नभएर अन्य प्रदेशमा समेत चर्चित हुँदै गएकाले यसलाई थप फैलाउँन विषयमा सबैले साथ र सहयोग गर्नुपर्ने उनको भनाइ थियो।




संविधानले आदिवासी जनजातिलाई धेरै स्थान दिएको समेत मन्त्री शेरचनले बताए । अहिले केही व्यक्तिले संविधान ठीक छैन भन्ने भाष्य निर्माणमा लागिरहेको भएपनि त्यो सत्य नभएको उनको दावी थियो । संविधानले आम नागरिकलाई सबै किसिमका अधिकार प्रदान गरेकाले संविधान खारेजी हुनुपर्छ भन्ने भाष्य गलत भएको उनले बताए । 'संविधानले हरेका नागरिकलाई बराबर अधिकार दिएको छ, संविधान गलत छ भन्ने भाष्य निर्माण गर्न नलागौं,' उनले भने, 'समयलाई चिन्न नसेकेकोमा नेपाल पछाडि परेको हो, त्यसैले समयलाई चिन्न सिकौं।' नेपाल मगर संघका केन्द्रीय अध्यक्ष रक्षाबहादुर रैकामगरले आफ्नो समुदायको भाषा, संस्कृति, संस्कार लगायतका विषयमा कलम चलाएर पत्रकारहरुले योगदान पुऱ्याउनु आवश्यक भएको बताए। राष्ट्रिय जनगणना अनुसार मगरर तेस्रो स्थानमा भएपनि केही कारणले गर्दा पछाडि परिरहेको उनले गुनासो गरे । राज्यको वेवास्ताका कारण लाखौं मगरहरु अहिले पनि पछाडि परिरहेकाले आफ्नो समुदायका लागि आफैं एकजुट भएर अगाडि बढ्नुको विकल्प नभएको उनले बताए। गण्डकी प्रदेश सरकाररले मगर र गुरुङ भाषालाई कामकाजी भाषाका रुपमा लागू गरेपनि कार्यान्वयन गर्न बाधा र अड्चन देखाइएको उनले बताए। गण्डकी प्रदेशका प्रेस रजिष्ट्रार विमला भण्डारीले मिडियाको क्षेत्रमा महिलाको सहभागिताका विषयमा विषेश ध्यान दिनुपर्ने बताइन्। आदिवासी जनजातिका विषयलाई पत्रकारिताको क्षेत्रबाट पहिचान दिन र उनीहरुको इतिहासका विषयमा जनमानसका बीचमा लैजानु आजको आवश्यकता रहेको उनले सुनाइन्। आदिवासी जनजाति समुदायका महिला पत्रकारलाई प्रोत्साहन गर्न यस्ता पुरस्कारले निकै महत्वपूर्ण भूमिका खेल्ने उनको भनाई थियो। महिला पत्रकारका लागि प्रेस रजिष्ट्रार कार्यालयले समेत विषेश कार्यक्रम ल्याउन पहल गरिरहेको समेत उनले बताइन्।

सम्मानित व्यक्तित्व मीना थापामगरले सम्मानले आफूलाई पत्रकारिता क्षेत्रमा योगदान गर्न अझै हौसला मिलेको बताइन्। पत्रकारिताको क्षेत्रमा लागेर आफ्नो संस्कार र संस्कृतिको विषयमा शब्दमार्फत् योगदान दिन पाउनु आफ्नो सौभाग्य रहेको उनको भनाइ थियो । आगामी दिनमा यही क्षेत्रलाई निरन्तरता दिएर अगाडि बढ्ने उनले प्रतिवद्धता जनाइन्।

कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेल, आदिवासी जनजाति पत्रकार महासंघ फोनिज गण्डकीका उपाध्यक्ष धनबहादुर गुरुङ 'सुमन', निट डेन्टलका सञ्चालक वीरेन राना मगर लगायतले कौराहा संरक्षणका लागि पुरस्कारले मगरको मौलिक संस्कृति संरक्षणमा टेवा पुग्ने बताएका थिए।

प्रतिभा छनौट समितिका संयोजक तथा फोनिज गण्डकीका इन्चार्ज रुद्र श्रीसमगरले सम्मानित व्यक्ति मीना थापामगरको व्याक्तित्व परिचय गराएका थिए । राष्ट्रिय मौलिक कौराहा संरक्षण समितिका अध्यक्ष नरमाया आलेमगर पुरस्कारलाई आमागी दिनमा अझ परिस्कृत रुपमा निरन्तरता दिदैं जाने बताइन्।

कार्यक्रममा चाउथे कदम मार्ग इकाई समितिले मौलिक कौराहा नृत्य तथा मगर साँस्कृतिक संघका सदस्य रमेश थापामगरलगायतले कौराहासँगै गीत प्रस्तुत गरेका थिए । यो पुरस्कारबाट यसभन्दा अघि कमला राना मगर, तिलक पुन, प्रताप राना मगर, खेम सारु मगर, एमबी आस्था मगर, मनोज घर्ती मगर, रुद्र श्रीष मगर र शारदा झेंडी मगर सम्मानित भइसकेका छन्।

# पोखराको ...

प्रसारण प्रणालीमा जोडिएको छ । सेतीखोला हाइड्रोपावर लिमिटेडमा डोल्मा इम्प्याक्ट फण्डमार्फत विभिन्न अन्तर्राष्ट्रिय वित्तीय संस्थाको लगानी रहेको छ । कम्पनीले निकट भविष्यमा सर्वसाधारणका लागि प्रारम्भिक सार्वजनिक निष्कासन (आईपीओ) जारी गर्ने तयारी समेत गरेको जनाएको छ । पोखरालाई ऊर्जा उत्पादनको दृष्टिले थप आत्मनिर्भर बनाउनुका साथै स्थानीय आर्थिक गतिविधि, लगानी र पूर्वाधार विकासमा समेत उक्त परियोजनाले महत्वपूर्ण योगदान दिने निर्देशक ई. बरालले विश्वास व्यक्त गर्नुभयो।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# गुरुङ समुदायको पहिचानले विस्तारित लमजुङको ग्रामीण पर्यटन

जनक श्रेष्ठ
लमजुङ, २६ असार



कुनै समय गाउँका युवायुवती साँझपख रोधीघरमा भेला भएर गीत गाउँथे । यस्तै, नाच्थे, सुख-दुःख साट्थे र पुस्तौँदेखि पुस्तामा संस्कार, संस्कृति तथा सामूहिक जीवनका मूल्य हस्तान्तरण गर्थे ।

गुरुङ समुदायका लागि रोधी मनोरञ्जनको थलो मात्र नभई सामाजिक शिक्षालय पनि थियो । समयसँगै आधुनिक जीवनशैली, वैदेशिक रोजगारी र बसाइँसराइका कारण रोधी बस्ने चलन क्रमशः घट्दै गएको छ । रोधीले सिकाएको सामूहिकता, आत्मीयता र मौलिक संस्कृतिप्रतिको अपनत्व अहिले लमजुङको ग्रामीण पर्यटनको बलियो आधार बनेको छ । 'होमस्टे'मार्फत यही सांस्कृतिक सम्पदालाई संरक्षण गर्दै गुरुङ समुदायले पर्यटनलाई आर्थिक समृद्धिको भरपर्दो माध्यमका रूपमा विकास गरिरहेका छन् ।

गुरुङ समुदायको उद्गमस्थल मानिने लमजुङमा मौलिक पहिचानलाई पर्यटनसँग जोड्ने अभियानले पछिल्ला वर्षमा उल्लेखनीय गति लिएको छ । उक्त समुदायको भाषा, वेशभूषा, कला, संस्कृति, परम्परा, स्थानीय खानपान, रहनसहन र आत्मीय आतिथ्यता अहिले स्वदेशी तथा विदेशी पर्यटकका प्रमुख आकर्षण बनेका छन् । गाउँमा सक्रिय आमा समूह, बाबा समूह, युवा क्लब, होमस्टे व्यवस्थापन समिति र स्थानीय पर्यटन समितिले संस्कृति संरक्षणसँगै पर्यटन प्रवर्द्धनलाई सँगसँगै अघि बढाइरहेका छन् । लमजुङमा ग्रामीण पर्यटनको सङ्गठित सुरुआत क्व्होलासोथर गाउँपालिका-३ घले गाउँबाट भएको मानिन्छ । विसं २०५७ मा महोत्सवसँगै सुरु गरिएको होमस्टे अभियान आज पर्यटनको परिचय बनेको छ । त्यसपछि भुजुङ, सिउरुङ, पसगाउँ, घनपोखरा, खासुर, राइनासकोट, काउलेपानी, इलामपोखरी, नाल्मा, छापामिम्प्रा, भुस्मे, घेर्मुलगायत गाउँमा पनि ग्रामीण पर्यटन विस्तार हुँदै गएको छ । समुद्री सतहदेखि करिब दुई हजार १०० मिटर उचाइमा रहेको घले गाउँ दक्षिण एसियाकै नमूना ग्रामीण पर्यटकीय गाउँका रूपमा परिचित छ । यहाँबाट अन्नपूर्ण, मनास्लु, लमजुङ र हिमालचुलीलगायत हिमशृङ्खलाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ । परम्परागत गुरुङ बस्ती, स्थानीय परिकार, सांस्कृतिक प्रस्तुति र आत्मीय आतिथ्यले वर्षौंदेखि पर्यटकलाई आकर्षित गर्दै आएको छ । घलेगाउँ ग्रामीण पर्यटन व्यवस्थापन समितिका अध्यक्ष प्रेमबहादुर घलेका अनुसार होमस्टेले गाउँको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा उल्लेखनीय परिवर्तन ल्याएको छ । पर्यटनबाट स्थानीयको आम्दानी बढेको छ भने गाउँको पहिचान राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरसम्म विस्तार भएको छ । होमस्टेले लोपोन्मुख संस्कार, संस्कृति, परम्परागत परिकार र सामुदायिक जीवनशैलीलाई संरक्षण गर्न महत्वपूर्ण भूमिका खेलेको उहाँ बताउनुहुन्छ । क्व्होलासोथर गाउँपालिका-४ भुजुङ गाउँ गुरुङ संस्कृतिको जीवन्त सङ्ग्रहालयका रूपमा परिचित छ । परम्परागत ढुङ्गे घर, मौलिक संस्कार, धार्मिक आस्था र प्राकृतिक सुन्दरताले भरिएको यस गाउँमा २०६४ सालदेखि होमस्टे सञ्चालन हुँदै आएको छ । यहाँ पुग्ने पर्यटकले गुरुङ समुदायको जीवनशैली, संस्कृति र परम्परालाई नजिकबाट अनुभव गर्ने अवसर पाउँछन् । मर्स्याङ्दी गाउँपालिका-३ स्थित सिउरुङ गाउँ मनास्लु हिमालको काखमा अवस्थित अर्को आकर्षक गन्तव्य हो । त्यहाँबाट मर्स्याङ्दी नदीको नागबेली दृश्य देख्न सकिन्छ । स्थानीय समुदायको सक्रियतामा पर्यटन प्रवर्द्धनसँगै संस्कृति संरक्षणका अभियान निरन्तर सञ्चालन भइरहेका छन् । सिउरुङका स्थानीय पूर्णबहादुर गुरुङका अनुसार आधुनिक जीवनशैली र वैदेशिक रोजगारीका कारण मौलिक संस्कृति सङ्कटमा परे पनि पर्यटनसँग जोडिएपछि त्यसको संरक्षणमा सबैको चासो बढेको छ । उहाँका अनुसार होमस्टे सञ्चालक मात्र नभई दूध उत्पादन गर्ने किसान, अर्ग्यानिक तरकारी उत्पादक, स्थानीय अन्नबाली उत्पादन गर्ने परिवार, हस्तकलामा संलग्न महिला तथा अन्य साना व्यवसायी पर्यटनबाट प्रत्यक्ष लाभान्वित भएका छन् । पर्यटक बढेसँगै गाउँमा रोजगारी र आयआर्जनका अवसर विस्तार हुँदै गएको उहाँ बताउनुहुन्छ ।

पर्यटकलाई स्थानीय स्वाद र मौलिक अनुभव दिलाउन गाउँलेले मौसमी उत्पादनको संरक्षण गदै आएका छन् । वर्षायामपछि लेकतिरबाट निउरो, च्याउलगायत स्थानीय उत्पादन सङ्कलन गरी सुरक्षित राख्ने र पर्यटकलाई परम्परागत परिकारका रूपमा पस्कने गरिन्छ । कोदो, फापर, मकै, स्थानीय दाल र अन्य मौलिक परिकारले पनि पर्यटकलाई गाउँले स्वादसँग जोड्ने गरेका छन् । गुरुङ समुदायको बाहुल्यता रहेको पसगाउँले पनि ग्रामीण पर्यटनमा छुट्टै पहिचान बनाएको छ । यहाँ प्रदर्शन गरिने कृष्णचरित्र नृत्य, घाटु, झ्याउरे, सोरठी तथा सारङ्गीका मौलिक प्रस्तुति पर्यटकका लागि विशेष आकर्षण बनेका छन् । यस्ता सांस्कृतिक कार्यक्रमले गुरुङ समुदायको पहिचान जोगाउनुका साथै पर्यटन प्रवर्द्धनमा पनि महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन् । ग्रामीण पर्यटनको विकासमा महिलाको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ । अधिकांश होमस्टेमा आमा समूहले पाहुनाको स्वागत, स्थानीय परिकार तयारी, सरसफाइ व्यवस्थापन तथा सांस्कृतिक कार्यक्रम सञ्चालनको नेतृत्व गर्दै आएका छन् । युवा पुस्ताले पथप्रदर्शक, पर्यटन उद्यमी, सांस्कृतिक प्रस्तोता तथा 'डिजिटल' माध्यमबाट प्रचारप्रसार गरी गाउँमै रोजगारीका अवसर सिर्जना गर्न थालेका छन् ।

क्व्होलासोथर गाउँपालिका अध्यक्ष सूर्यप्रसाद गुरुङले संरक्षणसँगै नयाँ पर्यटकीय पूर्वाधार निर्माणलाई प्राथमिकता दिइएको बताउनुहसन्छ । उहाँका अनुसार गाउँ-गाउँमा पार्क निर्माण, प्राकृतिक झरनाको संरक्षण तथा सौन्दर्यीकरण, नयाँ पर्यटकीय गन्तव्यको विकास, पदमार्ग निर्माण र सेवासुविधा विस्तारका काम भइरहेका छन् । उहाँले दूधपोखरी जाने मेमेडाँडा क्षेत्रमा पदमार्ग निर्माण भइरहेको जानकारी दिँदै उक्त पदमार्ग पूरा भएपछि कास्कीबाट आउने पर्यटकलाई यस क्षेत्र हुँदै मनाङसम्म पुग्ने वैकल्पिक पदयात्रा मार्गका रूपमा विकास गर्ने लक्ष्य रहेको बताउनुभयो । पर्यटकको बसाइ अवधि लम्ब्याउन नयाँ पर्यटकीय गतिविधि विकास, स्थानीय उत्पादनको बजारीकरण तथा कृषि र पर्यटनलाई एकीकृत गर्ने योजनामा गाउँपालिका केन्द्रित रहेको उहाँको भनाइ छ । ग्रामीण पर्यटनले केही चुनौती पनि भोगिरहेको छ । वर्षायाममा सडक अवरुद्ध हुने, केही पर्यटकीय गाउँमा गुणस्तरीय पूर्वाधारको अभाव, दक्ष जनशक्ति वैदेशिक रोजगारीतर्फ पलायन हुनु तथा मौलिक संस्कृतिमा आधुनिक प्रभाव बढ्दै जानु प्रमुख चुनौतीका रूपमा देखिएका छन् । पर्यटन व्यवसायीले यी समस्या समाधानका लागि पूर्वाधार विकास, प्रभावकारी प्रचारप्रसार र तीनै तहका सरकारको समन्वय आवश्यक रहेको बताएका छन् । प्राकृतिक सम्पदा, गुरुङ संस्कृतिको मौलिकता, सफल होमस्टे अभ्यास, कृषि र पर्यटनको अन्तरसम्बन्ध तथा स्थानीय समुदायको सक्रिय सहभागिताका कारण लमजुङको ग्रामीण पर्यटनको भविष्य थप सम्भावनायुक्त देखिएको छ । पदयात्रा मार्ग विस्तार, डिजिटल प्रचारप्रसार, स्थानीय उत्पादनको 'ब्रान्डिङ' र सांस्कृतिक सम्पदाको संरक्षणलाई थप प्रभावकारी बनाउन सके पर्यटकको बसाइ अवधि र पर्यटनबाट हुने आम्दानी अझ बढ्ने अपेक्षा गरिएको छ । रोधीघरमा हुर्किएको सामूहिकताको संस्कार आज होमस्टे, सांस्कृतिक पर्यटन र आत्मीय आतिथ्यतामार्फत नयाँ स्वरूपमा पुनर्जीवित भइरहेको छ । गुरुङ समुदायले आफ्नो भाषा, संस्कृति, परम्परा र मौलिक जीवनशैलीलाई संरक्षण गर्दै त्यसलाई आर्थिक समृद्धिको आधार बनाएको छ ।

पर्यटनले संस्कृति जोगाउने मात्र होइन, गाउँमा रोजगारी सिर्जना गर्ने, कृषि उत्पादनको बजार विस्तार गर्ने र स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने माध्यमका रूपमा पनि आफूलाई स्थापित गरिरहेको छ । संस्कृति संरक्षण र पर्यटन विकासलाई सँगसँगै अघि बढाउने लमजुङको अभ्यास नेपालका अन्य ग्रामीण क्षेत्रका लागि पनि अनुकरणीय नमूनाका रूपमा स्थापित हुँदै गएको छ ।

# भद्रकालीको कविता प्रतियोगितामा सपना लामिछाने प्रथम

पोखरापत्र संवाददाता
पोखरा, २६ असार



भद्रकाली माध्यमिक विद्यालयमा शुक्रबार कक्षा ११ र १२ का विद्यार्थीबीच कविता प्रतियोगिता शुक्रवार सम्पन्न भयो । विद्यालयको वार्षिक क्यालेन्डरअनुसार अतिरिक्त क्रियाकलापअन्तर्गत प्रतियोगिता भएको हो ।

'देशप्रेम र राष्ट्रिय एकता' शीर्षकमा १९ जना विद्यार्थीले आ-आफ्ना कविता प्रस्तुत गरेका थिए । प्रतियोगितामा उत्कृष्ट सिर्जना प्रस्तुत गर्दै कक्षा ११ मानविकीमा अध्यनरत सपना लामिछानेले प्रथम स्थान हासिल गरिन् । यस्तै विपाशा खातीले द्वितीय र सम्झना गुरुङले तृतीय स्थान प्राप्त गरे । जेनिसा गुरुङले सान्त्वना पुरस्कार जित्न सफल भइन् । विजयी विद्यार्थीले आकर्षक पुरस्कार र प्रमाणपत्र प्राप्त गरेका छन् । कार्यक्रमको सभापतित्व विद्यालयका प्रधानाध्यापक यदुराज पंगेनीले गरे । कविताको भाव र शैलीका आधारमा मूल्यांकन गर्न निर्णायकको भूमिकामा नेपाली शिक्षकद्धय गंगादेवी आचार्य र लक्ष्मी शर्मा गरेका थिए । विद्यार्थीको सिर्जनशील क्षमता विकास गर्न क्यालेन्डरअनुसार नै प्रतियोगिता आयोजना गरिएको शिक्षक उमेश आचार्यले पोखरापत्रलाई बताए । प्रतियोगितामा सहभागी विद्यार्थीले कवितामार्फत राष्ट्रियता र आपसी एकताको सन्देश दिएका थिए । यस्ता कार्यक्रमले विद्यार्थीको प्रतिभा प्रष्फुटन र लेखन क्षमतामा वृद्धि ल्याउने प्रधानाध्यापक पंगेनीले पोखरापत्रलाई बताए ।

# पर्वतका पाँच सामुदायिक वनमा पोखरी निर्माण

पोखरापत्र संवाददाता
पर्वत, २६ असार

वन क्षेत्रमा पानीको उपलब्धता बढाइ वन्यजन्तु संरक्षण, जैविक विविधताको प्रवर्द्धन तथा वनमा लाग्ने डढेलो नियन्त्रणमा सहयोग पुऱ्याउने उद्देश्यले जिल्लाका पाँचवटा सामुदायिक वनमा पोखरी निर्माण गरिएका छन् ।

डिभिजन वन कार्यालयले जिल्लाका विभिन्न क्षेत्रमा रहेका पाँच सामुदायिक वनमा पोखरी निर्माण गरेको हो । डिभिजन वन कार्यालयको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक कार्यक्रमअन्तर्गत जिल्लाका पाँच सामुदायिक वनमा पोखरी निर्माणको काम सम्पन्न गरिएको कार्यालय प्रमुख हेमलाल न्यौपानेले जानकारी दिनुभयो ।

प्रतिपोखरी निर्माणका लागि कार्यालयले रु एक लाख रुपैया सहयोग गरको छ भने स्थानीय उपभोक्ताहरूले श्रमदान समेत गरेको उहाँले बताउनुभयो । जिल्लाको उत्तरी भेगमा पर्ने जलजला गाउँपालिका-५ मा रहेको गिद्धेश्वर सामुदायिक वन, दक्षिणी भेगमा रहेको महाशिला गाउँपालिका-५ स्थित भोर्लेडाँडा भिरलीचौर सामुदायिक वन, मोदी गाउँपालिका-४ को जस्मे केदारे सामुदायिक वन, पैयुँ गाउँपालिका-७ स्थित दाङसिङ पाखो सामुदायिक वन र कुश्मा नगरपालिका-१ पाङको धैरेनी कुनाचौर सामुदायिक वनमा पोखरी निर्माण गरिएको कार्यालयले जनाएको छ । गिद्धेश्वर सामुदायिक वन उपभोक्ता समिति जलजलाका अध्यक्ष लालबहादुर पौडेलले पोखरीमा रहेको पानी जङ्गलका जीवजन्तु र चराचुरुङ्गीलाई पिउनका साथै जङ्गलमुनि रहेको खेतबारीमा सिँचाइ गर्न उपयोगी भएको जानकारी दिनुभयो । अध्यक्ष पौडेलका अनुसार स्थानीयवासीको श्रमदान र कार्यालयको दिएको रु एक लाख रकमबाट स्थानीय गाउँकै माटो र ढुङ्गाको प्रयोग गरी पोखरी निर्माण गरिएको हो । पोखरीको पानी जङ्गली जनावर, चरी बाघ, मृग, कालिज, खरायोलगायतका जङ्गली जनावरलाई पानी पिउन सहज हुने उहाँको भनाइ छ । त्यसैगरी वन क्षेत्रमा वर्षायामको पानी सङ्कलन गरी सुक्खा मौसममा वन्यजन्तुलाई पानी उपलब्ध गराउने, वनभित्रको वातावरणीय सन्तुलन कायम राख्ने तथा डढेलो नियन्त्रणमा सहयोग पुग्ने अपेक्षाका साथ पोखरी निर्माण गरिएको हो ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २१ कुरिनचौर डाँडास्वारा रानाभाट सडक स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम : कुरिनचौर डाँडास्वारा रानाभाट सडक स्तरोन्नती**
**उपभोक्ता समितिको नाम : कुरिन डाँडास्वारा रानाभाट सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२१, कास्की**
**उपभोक्ता समितिको अध्यक्षको नामः भक्त बहादुर रानाभाट**
**सम्पर्क नं : ९८०६७६९६८४**
**जम्मा सदस्य संख्या : ७**
**महिला सदस्य संख्या : ४**
**योजना सम्झौता मिति : २०८२/११/२६**
**योजना सुरु मिति : २०८२/११/२७**
**सम्पन्न भएको मिति : २०८३/३/१५**
**महानगरपालिकाबाट : रु. ५,००,०००/-**
**जनसहभागिता : रु. ५९,२२९/४६**
**योजनाको कुल लागत : रु. ५,५९,२२९/४६**



## पेन्सन पट्टा हराएको सूचना

**म सन्त विर रानाको Indian Army को पेन्सन पट्टा र डिस्चार्ज सर्टिफिकेट पेन्सन क्याम्प जाने क्रममा हराएको हुँदा भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

Name : Santa Bir Rana
Rank: Havaldar
Indian Army No.: 5436957M
PPO No. : SR/MODP/005449/2005
TS No : 182821
Unit: 1GR
**ठेगानाः तनहुँ, छाङ**
**सम्पर्क नं. :** 9846143749



## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, रुपा गाउँपालिका वडा नं. ०६ निवासी भारतीय सैनिक नं. 5846878 Y का पेन्सनर हवल्दार विरेन्द्र कुमार खड्काको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर लक्ष्मी रिमाल खड्का, जन्म मिति वि.सं. २०२८।०९। २७ तदानुसार ई.सं. १९७२-०१-११ भएको र पेन्सन अभिलेखमा नामथर लक्ष्मी खड्का, जन्म मिति ई.सं. १९७१-०५-११ उल्लेख भई फरक परेता पनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध गरिन्छ भनि रुपा गाउँपालिका ०६ नं. वडा कार्यालयको च.नं. १५०० मिति २०८३।०३।२४ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा बागलुङ जिल्ला, बागलुङ नगरपालिका वडा नं. ०७ स्थायी निवासी भारतीय भू.पू. सैनिक नं JC २२०३२७ K का सुवेदार रत्न बहादुर खत्री क्षेत्री पल्टन ५/३ गोर्खा राईफलमा नोकरी गर्दा भारतीय डकुमेन्टमा निजको पत्नीको र छोराहरुको नामथर र जन्ममिति तपसिल बमोजिम रहेको तथा निजहरुको नेपाली नागरिकता प्रमाणपत्रमा तपसिल बमोजिम भै फरक परेका कारण तपसिलमा उल्लेखित दुई नामथर र जन्ममिति भएका व्यक्तिहरु एउटै भएको भनी बागलुङ नगरपालिका, ७ नं. वडा कार्यालय, कालिमाटी, बागलुङको च.नं. १६१६, मिति २०८३/०३/२२ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

| क्र.सं. | नेपाली नागरिकता प्रमाणपत्रमा | भारतीय पेन्स अभिलेखमा | कैफियत |
|---|---|---|---|
| १ | नामथर: रत्न बहादुर खत्री क्षेत्री (पेन्सनर)<br>अङ्ग्रेजी नामथर: Ratna Bahadur Khatri Chhetri | नामथर: रत्न बहादुर खत्री (पेन्सनर)<br>अङ्ग्रेजी नामथर: Ratna Bahadur Khatri | |
| २ | नामथर: गौ कुमारी क्षेत्रिनी (पत्नी)<br>अङ्ग्रेजी नामथर: Gau Kumari Chhetrini<br>जन्म मिति: वि.सं. २०१३।०६।१५ (ई.सं. १९५६।०९।३० | नामथर: गौ कुमारी खत्री (पत्नी)<br>अङ्ग्रेजी नामथर: Gau Kumari Khatri<br>जन्म मिति: वि.सं. २०१३।०४।२४ ई.सं. १९५६।०८।०८ | |
| ३ | नामथर: देव बहादुर के.सी. (छोरा)<br>अङ्ग्रेजी नामथर: Dev Bahadur K.C.<br>जन्म मिति: वि.सं. २०५१।०५।२७ (ई.सं. १९९४/०९/१२) | नामथर: देव बहादुर खत्री (छोरा)<br>अङ्ग्रेजी नामथर: Dev Bahadur Khatri<br>जन्म मिति: २०४९।०५।२६ (ई.सं. १९९२।०९।११) | |

प्रमुख जिल्ला अधिकारी



## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. ०५ निवासी भारतीय भु.पु. सैनिक नं. 5341305 H/NB का राम बहादुर गुरुङको श्रीमती तिल कुमारी गुरुङको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर तिल कुमारी गुरुङ, जन्ममिति वि.सं. २०१३।१२।०५ सन् 18/03/1957 भएको साथै निजको श्रीमानको भारतीय पेन्सन अभिलेखमा नामथर तिल कुमारी गुरुङसेनी, जन्ममिति सन् 07/07/1958 उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त नगरपालिका ०५ नं वडा कार्यालयको च.नं. १४७५, मिति २०८३।०३।२३ को पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय स्याङ्जा**



## एउटै व्यक्ति भएको सूचना



साविक कास्की जिल्ला भदौरे तामागी गा.वि.स. वडा नं. ८ हाल पोखरा महानगरपालिका वडा नं. २३ निवासी भारतीय भु.पु.सै.नं. JC-167530W Sub बुद्धिबल गुरुङको श्रीमतीको नामथर नागरिकतामा सुनामाया गुरुङ र पतिको भारतीय पारिवारिक पेन्सन अभिलेखमा सुनामाया उल्लेख भई फरक परेतापनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी भदौरेतामागी गा.वि.स. कार्यालय, कास्कीको च.नं. ३४० मिति २०७२।१२।१ को सिफारिस पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय कास्की**